संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा विचौलिया राखेर करको दर हेरफेर गरेको कुरा बाहिर आएको, बजेट प्रस्तुत हुनुभन्दा अगाडी ठुलो संख्यामा विद्युतीय सवारी साधन भित्रिनु शंकास्पद भएको, मध्यम वर्गीय व्यक्तिले चढ्ने विद्युतीय सवारी साधनमा भन्सार र अन्तशुल्क बढाएको, अर्थ मन्त्रालयमा अहिलेसम्म हार्मोनाइज कोड टाइप गर्नसक्ने सिमित जनशक्ति रहेको तर्क हास्यास्पद रहेको, बजेट अगाडी विद्युतीय सवारी साधनको भन्सार दर चुहावट हुँदा राज्यलाई करिब ९० करोड बढी राजश्व घाटा भएको, आर्थिक विधेयक बनाउने गोप्य कार्यमा अघिल्लो सरकारकै पालादेखि करारमा नियुक्त पूर्व कर्मचारीलाई निरन्तरता दिएर संलग्न गराइनुको सम्बन्धमा सरकारले जवाफ दिनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री पदम गिरी
२. मा० श्री स्वर्णिम वाग्ले
३. मा० श्री ज्ञान बहादुर शाही
४. मा० श्री रामहरि खतिवडा
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री प्रेम सुवाल

त्यसपछि माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले माननीय सदस्यहरुले बैठकमा उठाउनु भएको विषयका सम्बन्धमा जावाफ दिनु भयो ।

तत्पश्चात् आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. प्रतिनिधि सभामा विपक्षी दलको नेता मा० श्री के.पी. शर्मा ओली
२. मा० श्री विमलेन्द्र निधि
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री माधव प्रसाद सापकोटा
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री बुद्धिमान तामाङ
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अब्दुल खांन
९. मा० श्री राम प्रकाश चौधरी

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २४ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ६:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव